# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :
Ref. N0.

## प्रेश विज्ञप्ति

सर्वसाधारण लगानीकताहरु तथा शेयर दलाल व्यवसायीहरु समेतबाट धितोपत्र दाखिल खारेज गर्न निवेदन परेमा सम्बन्धित कम्पनीले निवेदन परेको १५ दिनभित्र दाखिल खारेज गर्नुपर्ने कम्पनी ऐनमा प्रावधान भएपनि कतिपय कम्पनीले सो अनुसार नामसारी नगरी महिनौं लगाएको हुँदा यसबाट कारोबार सहज नभएको एवं लगानीकर्ता मर्कामा परेको भन्ने गुनासो बढेकोले नेपाल स्टक एक्सचेञ्जले देहाय अनुसारको निर्णय गरेको छ ।

- सूचिकृत कम्पनीको शेयर कारोबारमा गतिशिलता ल्याउन र लगानीकर्ताहरुलाई बजारबाट हुने लाभ लिन सक्षम तुल्याई लगानीकर्ताहरुको हित प्रबर्द्धन गर्न कम्पनीले नामसारीका लागि निवेदन प्राप्त गरेको १५ दिनभित्र नामसारी गरी नपठाउने कम्पनीको शेयर कारोबार स्थगीत गरी कार्वाही गर्ने ।
- नामसारीको कागजपत्र आफ्नो कार्यालयमा थन्काएर राख्ने स्टक एक्सचेञ्जबाट कागजात नबुझी लगानीकर्ताहरु लाई कागजपत्र नदिने, र समयमा नामसारीका लागि स्टक एक्सचेञ्जमार्फत सम्बन्धित कम्पनीमा नपठाउने शेयर दलाल व्यवसायीहरुलाई निलम्बन गरी कार्वाही गर्ने ।
- धितोपत्र कारोवार हुनु अघि दाखिला खारेज निवेदनमा दस्तखत प्रमाणित गर्दा आवश्यक सावधानी नअपनाई केही उल्लेख नगरिएको खाली फारममा दस्तखत प्रमाणित गर्ने, हातको सट्टा खुट्टाको ल्याप्चे छाप प्रयोग गर्ने तथा बिक्रीकर्ताको तीन पुस्ते नभिडाई दस्तखत प्रमाणित गर्ने सूचिकृत कम्पनीको शेयर कारोबार रोक्का गरी कार्वाही गर्ने ।
- नामसारी कार्यलाई अद्यावधिक गर्न नसकेका कम्पनीलाई सो कार्य गर्नका लागि यो महिनाको समय उपलब्ध गराई मंसिर १ देखि उपर्युक्त व्यवस्था लागु गर्ने ।
- नामसारी सम्वन्धी गुनासो भएमा यस लि. को हट लाइन ४२५०७३४ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

मिति: २०६५/६/६

पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**E-mail : stock@enet.com.np**
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.